# चक्लाबन्दी खेती प्रोत्साहन कार्यक्रम कार्यान्वयन कार्यबिधि - २०७६

प्रदेश सरकार

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

कर्णाली प्रदेश

सुर्खेत, नेपाल

## चक्लाबन्दी खेती प्रोत्साहन कार्यक्रम कार्यान्वयन कार्यबिधि – २०७६

मा.मन्त्रीज्यूबाट मिति २०७६/०७/१७ गते स्वीकृत

प्रस्तावना :

नेपालको कृषि योग्य जमिन जनसंख्या वृद्दि र एकल परिवारको बढ्दो प्रचलनले गर्दा बिखण्डित भएर खेती गर्न कठिन मात्र भएको छैन साध–सिमाना थपिदै जाँदा खेतीयोग्य जमिन समेत घट्दै गईरहेको छ ।भूमिको बढ्दो खण्डीकरण एवम् जग्गा बाँझो राख्ने प्रवृतिलाई निरुत्साहित गर्दै कृषि उत्पादन तथा उत्पादकत्व अभिवृद्धिका साथै भूमिको समूचित प्रयोगमा जोड दिन वान्छनिय भएकोले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय कर्णाली प्रदेश बाट आर्थिक बर्ष २०७६/७७ को स्वीकृत कार्यक्रम कार्यान्वयनका लागि चक्लाबन्दी खेती प्रोत्साहन सम्बन्धी २०७६ जारी गरिएको छ ।

### परिच्छेद १

### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम "चक्लाबन्दी खेती प्रोत्साहन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६" रहेको छ।

(२) यो कार्यविधि मन्त्रालयले स्वीकृत गरेको मितिदेखि लागु हुनेछ।

२. **परिभाषाः बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यबिधिमाः**

(क) "**कार्यक्रम**" भन्नाले चक्लाबन्दी खेती प्रोत्साहन कार्यक्रम वा चक्लाबन्दी प्रवर्द्धनमा आधारित यस्तै प्रकृतिका कार्यक्रम सम्झनु पर्दछ।

(ख) "**चक्लाबन्दी**" भन्नाले कृषि योग्य जग्गामा उत्पादन र उत्पादकत्व बढाउन स–साना कित्तामा छरीएर रहेका जग्गाहरूलाई एकिकृत गरि कृषिमा आधारित व्यवसायिक परियोजना सञ्चालन गर्ने प्रकृया सम्झनु पर्दछ।

(ग) "**आवेदक**" भन्नाले चक्लाबन्दी कार्यक्रम सञ्चालनका लागि आवेदन दिएका जग्गाधनीहरुको समूह, कृषक समूह, कृषि सहकारी र कृषि उद्मी सम्झनुपर्दछ।

(घ) "**लाभग्राही**" भन्नाले चक्लाबन्दी गर्नको लागि छनौट भएका आवेदकलाई जनाउँदछ।

(ङ) "**स्थानीय तह**" भन्नाले गाउँपालिका र नगरपालिका भन्ने सम्झनु पर्दछ।

(च) "**मन्त्रालय**" भन्नाले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, कर्णाली प्रदेशलाई सम्झनु पर्दछ।

(छ) "**कार्यालय**" भन्नाले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय र मातहतका कार्यालयहरु सम्झनु पर्दछ।

(ज) "**समिति**" भन्नाले दफा ११(१) बमोजिम गठित मूल्यांकन समिति भन्ने सम्झनु पर्दछ ।



प्रसाद अधिकारी
हरिप्रसाद पण्डित कृषि अर्थविद
मा. विमला के.सी. मन्त्री

(झ) "**समूह**" भन्नाले यस कार्यविधि अन्तर्गत रही चक्लाबन्दी खेती कार्यक्रम संचालन गर्न विधिवत रुपमा दर्ता/गठन भएको १५ देखी २५ जना सम्मको सदस्य रहेको समूह सम्झनु पर्दछ ।

(ञ) "**निर्देशन समिति**" भन्नाले दफा १३ को उपदफा (१) बमोजिमको समिति सम्झनु पर्छ ।

## परिच्छेद २

## कार्यक्रमको उदेश्य र सहयोग सम्बन्धी व्यवस्था

३. **कार्यक्रम सञ्चालनको उदेश्यः** यस कार्यविधि बमोजिम यस कार्यक्रमको उदेश्य देहाय बमोजिम हुनेछ ।

(क) खेतीयोग्य भूमिको अन्य प्रयोजनको लागि अतिक्रमण हुन नदिई भूमिको जगेर्ना गर्ने र जग्गा बाँझो राख्ने, खण्डीकरण गर्ने प्रबृतिलाई निरुत्साहन गर्ने ।

(ख) खेती प्रणालीलाई रुपान्तरण र विस्तार गरी रोजगारीका अवसर सृजना गर्ने ।

(ग) कृषि उत्पादन तथा व्यवसायिकरण तर्फ सञ्चालन हुने अन्य कार्यक्रमहरुलाई समेत चक्लाबन्दी कार्यक्रमसँग आबद्ध गर्दै लैजाने ।

४ **सहयोगका क्षेत्रः** चक्लाबन्दी खेती प्रोत्साहन कार्यक्रम अन्तर्गत देहायको कार्यका लागि सम्वन्धित कार्यालयबाट सहयोग प्रदान गर्न सकिनेछः

(क) जग्गाको चार किल्ला भित्रको चक्लाबन्दी स्थलको नापी नक्शा संकलन र आधार नक्शा तयार गर्ने कार्य (यस कार्यमा मन्त्रालयबाट आवश्यक प्राविधिक सहयोग समेत प्रदान गरिनेछ)

(ख) कन्ट्रोल प्वाइन्ट स्थापना गर्न तथा प्रत्येक कित्ता जग्गाको डिजाइन गर्ने कार्य ।

(ग) आधार नक्शामा योजनाको रुपरेखा तयार गरी ब्लकको डिजाइन गर्ने, प्रत्येक ब्लकमा सिचाई, निकास, बाटो, घेरवार, बिजुलीको व्यवस्था मिलाउने कार्य ।

(घ) यन्त्र उपकरणको प्रयोग गरी जग्गालाई समथल बनाउने (earth work) सम्बन्धी कार्य, प्लट सुधार, कुलो निर्माण तथा सिचाई सामग्री तथा मेशिनरी खरिद गर्न ।

(ङ) चक्लाबन्दी पश्चात कृषि उत्पादन कार्यका लागि आवश्यक यन्त्र उपकरण, प्रांगारिक मल, विउ खरिदका लागि आदि।

(च) जमिनको उर्वराशक्ति यथावत कायम राख्न चक्लाबन्दी कार्यक्रम संचालन हुने जमिनको माथिल्लो तहको १(एक) फुट उर्वरायुक्त माटो संरक्षण गरी चक्लाबन्दी कार्यक्रम समाप्त भएका प्लटहरुको माथिल्लो सतहमा भर्ने कार्य गर्ने (यो कार्य आवश्यकता अनुसार गर्नुपर्नेछ) ।

(छ) वर्षमा कम्तिमा दुई खेती गर्नु पर्नेछ (उच्च हिमाली क्षेत्रको हकमा एक वाली मात्र)

(ज) माथि उल्लेखित कार्यहरुमा सहयोग प्रदान गर्दा कार्य सम्पादन र व्यवसायीक योजनाको आधारमा अधिकतम ३ बर्षसम्म उपलब्ध गराइनेछ ।

कृषि प्रसार अधिकृत

हरिप्रसाद पण्डित
बरिष्ठ कृषि अर्थविज्ञ

मा. विमला के.सी.
मन्त्री

(झ) जग्गाहरुको चक्लाबन्दी गर्ने क्रममा जग्गाहरुको गह्रा सुधार गर्नु पर्ने भयमा सो कार्यका लागि पनि चक्लाबन्दि कार्यक्रममा राख्न सकिनेछ ।

५. **सहयोग प्रदान गर्न सक्नेः** (१) चक्लाबन्दी खेती प्रोत्साहन कार्यक्रम सञ्चालनका लागि आवेदन दिने आवेदनकर्ताहरुलाई मन्त्रालयले मूल्यांकन पश्चात देहाय बमोजिम सहयोग प्रदान गर्न सकिनेछ । सहयोग रकम कूल योजनाको लागतको वढीमा ५० प्रतिशत सम्म हुनेछः

**पहाडी क्षेत्रको हकमा**

(क) ५० देखि ७५ रोपनी क्षेत्रफल सम्मका जग्गाका लागि बढीमा रु १५ लाख सम्म

(ख) ७६ देखि १०० रोपनी क्षेत्रफल सम्मका जग्गाका लागि बढीमा रु २० लाख सम्म

(ग) १०१ रोपनी देखि २०० क्षेत्रफलको जग्गाको लागि बढीमा रु २५ लाख सम्म

(घ) सो भन्दा माथिको लागि प्रति रोपनी १० हजारका दरले थप

*(नोटः पहाडी क्षेत्रको हकमा एउटै स्थान वा क्षेत्रमा जोडिएर रहेका बिभिन्न किताका जग्गाहरूको कुल क्षेत्रफल जोड्दा माथि उल्लेखित क्षेत्रफल नपुग्ने अवस्था भएमा एक आपसमा नजोडिएता पनि दुइवटा स्थान वा क्षेत्रमा भएका बिभिन्न किताका जग्गाहरूको कुल क्षेत्रफल जोडेर भएपनि मापदण्ड पुरा गर्न सकिनेछ । तर उक्त दुइ वटा स्थान वा क्षेत्रमा भएका जग्गाहरूमा एकै किसिमको परियोजना संचालन भएको हुनुपर्नेछ)*

**हिमाली क्षेत्रको हकमा,**

(क) २० रोपनी देखि ५० रोपनी सम्म बढीमा रु १५ लाख सम्म

(ख) ५१ रोपनी देखि ७५ रोपनी सम्म बढीमा रु २० लाख सम्म

(ग) ७६ रोपनी देखि १०० रोपनी सम्म क्षेत्रफलको जग्गालाई रु २५ लाख सम्म

(घ) सो भन्दा माथिको क्षेत्रफलको जग्गाको लागि प्रति रोपनी १० हजारका दरले थप

*( नोटः हिमाली क्षेत्रको हकमा एउटै स्थान वा क्षेत्रमा जोडिएर रहेका बिभिन्न किताका जग्गाहरूका कुल क्षेत्रफल जोड्दा माथि उल्लेखित क्षेत्रफल नपुग्ने अवस्था भएमा एक आपसमा नजोडिएता पनि बढिमा तिन वटा स्थान वा क्षेत्रमा भएका बिभिन्न किताका जग्गाहरूका कुल क्षेत्रफल जोडेर भएपनि मापदण्ड पुरा गर्न सकिनेछ । तर उक्त तिन वटा स्थान वा क्षेत्रमा भएका जग्गाहरूमा एकै किसिमको परियोजना संचालन भएको हुनुपर्नेछ)*

कृषि प्रसार अधिकृत

हरिप्रसाद पण्डित
बरिष्ठ कृषि अर्थविज्ञ

मा. विमला के.सी.
मन्त्री

## परिच्छेद ३

## कार्यक्रम सञ्चालन विधि

६. **कार्यक्रम सञ्चालनः** यो कार्यक्रम मन्त्रालय तथा मातहतका कार्यालयहरुबाट संचालन गरिनेछ ।

७. **कार्यक्रम संचालन गर्ने आधार तथा मापदण्डः** चक्लाबन्दी कार्यक्रम सञ्चालनका लागि देहायका आधार पुरा भएको हुनुपर्नेछः

(क) कम्तीमा दुई वा दुई भन्दा बढी व्यक्ति, समुह/सहकारी, फर्म वा कम्पनि हुनुपर्ने ।

(ख) दुई वा दुई भन्दा बढी कित्ता भएको जमिन हुनुपर्ने ।

(ग) हिमालमा न्यूनतम २० रोपनी, पहाडमा न्यूनतम ५० रोपनी हुनुको साथै कृषि उत्पादन योग्य जमिन हुनुपर्ने ।

(घ) खेतियोग्य भूमिमा प्लानिङ्ग, आवास तथा उद्योगका लागि प्लानिङ्ग गर्न नदिने गरी चक्लाबन्दी गरिएको जग्गाको एक वर्षमा कम्तीमा दुई बाली ( हिमाली क्षेत्रमा एक बाली) खेती गर्नुको साथै सो कार्य गर्न कम्तीमा १० बर्षको प्रतिबद्धता पत्र गरिएको हुनुपर्ने ।

(ङ) फलफुल, नगदे बाली तथा घाँसखेती साथै पशुपालनको हकमा बहुबर्षिय हुने ।

(च) स्थानीय तहको सिफारिस समेत भएको प्रस्तावलाइ प्राथमिकता दिइने छ ।

८. **आवेदन आवह्नानः** १) कृषि तथा पशुपन्छी उत्पादन कार्यलाई सहज र व्यवस्थित तुल्याउने प्रयोजनका लागि जग्गाको चक्लाबन्दी गर्ने कार्यलाई प्रोत्साहन गर्न मन्त्रालयले सार्वजनिक खरिद ऐन र नियमावलीको प्रावधान अनुसारको म्याद दिई रेडियो, एफ एम, पत्रिकामा सूचना प्रवाह गरिने छ ।साथै सम्बन्धित जिल्लाको कृषि विकास कार्यालय, पशु अस्पताल तथा पशु सेवा कार्यालय, स्थानीय तहको कार्यालयमा समेत सूचना टास्ने व्यवस्था मिलाई सार्वजनिक रुपमा प्रस्ताव आवहान गर्नुपर्नेछ ।

२) उपदफा (१) बमोजिमको सूचना मन्त्रालयको वेभसाईटमा पनि प्रकाशित गरिनेछ ।

९. **आवेदन संकलनः** यस कार्यविधि बमोजिम कार्यक्रम सञ्चालन गर्न सहयोग प्राप्त गर्न चाहने आवेदकले देहायका कागजात तथा विवरण संलग्न गरी दफा ७ बमोजिम प्रकाशित सूचनामा तोकिएको अवधिमा तोकिए बमोजिमको ढाँचामा मन्त्रालय वा मातहतका कार्यालयहरुमा दरखास्त दिनु पर्नेछ :-

(क) माग आवेदनकर्ताले आफ्नो निवेदनका साथमा आफूले चक्लाबन्दी गर्न चाहेको जग्गाको क्षेत्रफल सहितको जग्गाधनी प्रमाण पुर्जा (लालपुर्जा) को प्रतिलिपी, गत आ.व. को तिरो बुझाएको रसिदको प्रतिलिपि, ब्लुप्रिन्ट नक्सा र ट्रेस नक्सा एवं सवै जग्गाधनीको सहमति भएको सहमतिपत्र अनुसचि ८ सहित आवेदन दिनुपर्नेछ ।

(ख) जग्गाधनि लालपुर्जा नभएको अवस्थामा सम्वन्धित ब्यक्तिले भोगचलन गर्दै आएको स्थानिय निकायबाट प्रमाणित आधिकारिक प्रमाण पेश भएको हुनुपर्ने ।

कृषि प्रसार अधिकृत    हरिप्रसाद पण्डित वरिष्ठ कृषि अर्थविद    मा. विमला के.सी. मन्त्री

(ग) कुनै सामुदायीक बिद्यालय, सामुदायिक बन तथा कबुलियति बन जस्ता क्षेत्रहरुको नाममा रहेको जग्गा सम्वन्धित समिति, समुह/सहकारी तथा दुई वा दुई भन्दा बढि ब्यक्ति फर्म आदिले संचालन गर्नुपर्ने भएमा कानुनि प्रक्रिया पुरा गरि आपसि सहमतिमा संचालन गर्न सक्नेछन ।

(घ) समुह वा संस्थाको हकमा संस्थाको कार्यसमितिको बैठकले चक्लाबन्दी कार्यक्रम सञ्चालन गर्न चाहेको निर्णयको प्रमाणित प्रतिलिपी संलग्न गर्नुपर्ने छ ।

(ङ) चक्लाबन्दिमा संलग्न जग्गा सम्वन्धित मालपोत कार्यालयमा रोक्का रहेको हुनुपर्ने छ ।

(च) चक्लाबन्दी पश्चात उक्त जमिन कुन प्रयोजनका लागि प्रयोग गरिने हो सो को सुनिश्चितता सहितको तोकिएको अवधिको प्रतिबद्धता पत्र समेत आवेदनमा संलग्न गर्नुपर्नेछ ।

(छ) प्रस्ताव आवेदकले आफुले संचालन गर्ने कृषि व्यवसायको संक्षिप्त प्रस्ताव समेत संलग्न गर्नुपर्नेछ ।

१०. **छनौट प्रक्रिया:** चक्लाबन्दी गर्ने जग्गाधनीहरुको समूह/कृषि समूह/कृषि सहकारी समूह र कृषि उद्यमीलाई निम्नानुसारका सूचकहरुको आधारमा छनोट गरिनेछ,

(क) चक्लावन्दी गरिने स्थान/क्षेत्रको भौगोलिक अवस्थिति (चक्लाबन्दी गरि प्रत्येक प्लटमा कृषि यन्त्र पुग्ने अबस्थाको कम भिरालो भएको सुधार योग्य जमिन),

(ख) पूर्वाधार विकास, बिजुली, सडकको अवस्था,

(ग) जग्गाको क्षेत्रफल (एक आपसमा जोडिएका कित्ताका साथै बढी भन्दा बढी क्षेँत्रफल भएको जग्गा)

(घ) सिचाई (चक्लाबन्दी गर्ने जमिनमा सिचाईको उपलब्द्धता)

(च) मन्त्रालय तथा मातहतका कार्यालयहरुमा प्राप्त हुन आएका दरखास्तहरुको सम्बन्धित महाशाखाले एक महिना भित्र प्रारम्भिक मूल्यांकन गरी मूल्यांकन समिति समक्ष पेश गर्नु पर्नेछ ।

११. **प्रस्तावको फिल्ड भेरीफिकेसनः**

बिभिन्न जिल्लाबाट प्राप्त हुने प्रस्तावहरूलाइ सम्बन्धित जिल्लामै तपशिल बमोजिम एउटा फिल्ड भेरीफिकेसन समिति हुनेछ । उक्त समितिले सम्बन्धित जिल्लाबाट प्राप्त भएका प्रस्तावहरूको अनुसूचि-७ बमोजिम फिल्ड भेरीफिकेसन गरी प्रस्ताव स्वीकृतिका लागि मूल्याङकन समिति समक्ष पठाउनुपर्नेछ ।

| | | |
|---|---|---|
| (क) | प्रमुख, कृषि बिकास कार्यालय | संयोजक |
| (ख) | सम्वन्धित जिल्लाको नापि कार्यालय प्रमुखवा प्रतिनिधि | सदस्य |
| (ग) | प्रमुख,पशु अस्पताल तथा पशु स्वास्थय कार्यालय | सदस्य |
| (घ) | सम्वन्धित जिल्लाको मालपोत कार्यालय प्रमुख वा प्रतिनिधि | सदस्य |

नोटः आवश्यकता अनुसार बिषय बिशेषज्ञहरूलाइ पनि फिल्ड भेरीफिकेसनमा संलग्न गर्न सकिनेछ ।

कृषि प्र...धिकृत हरिप्रसाद पण्डित बरिष्ठ कृषि अर्थविद मा. विमला के.सी. मन्त्री

१२. <u>**प्रस्ताव मूल्यांकनः**</u>(१) चक्लाबन्दी कार्यक्रम सञ्चालनका लागि प्राप्त हुन आएका आवेदनहरुको मूल्यांकन गरी सिफारिस गर्न देहाय बमोजिमको एक मूल्यांकन समिती रहनेछः

| | | |
|---|---|---|
| (क) | प्रमुख, भूमि व्यवस्था तथा भूमिस्रोत नक्शाङकन महाशाखा, मन्त्रालय | संयोजक |
| (ख) | प्रमुख, कृषि विकास महाशाखा, मन्त्रालय | सदस्य |
| (ग) | प्रमुख, पशुपन्छी विकास महाशाखा, मन्त्रालय | सदस्य |
| (घ) | सम्वन्धित जिल्लाको मालपोत कार्यालय प्रमुख वा प्रतिनिधि | सदस्य |
| (ङ) | कानुन अधिकृत, मन्त्रालय | सदस्य |
| (च) | सम्वन्धित जिल्लाको नापि कार्यालय प्रमुख वा प्रतिनिधि | सदस्य |
| (छ) | नापी अधिकृत/प्रतिनिधि मन्त्रालय | सदस्य-सचिव |

(२) उपदफा (१) बमोजिमको मूल्यांकन समितीले कार्यविधिमा उल्लेखित मूल्यांकनका आधार एवम् आवश्यकता अनुसार स्थलगतरुपमा अवलोकन गरी गराई समिति समक्ष पेश भएको प्रन्ध दिन भित्र निर्देशक समितिमा सिफारिस गर्नु पर्नेछ ।

(३) मूल्यांकन समितीको बैठक तथा खाजा खर्च स्वीकृत बजेट तथा कार्यक्रमको बिनियोजित रकमबाट खर्च गरिनेछ।

१३. <u>**कार्यक्रमको स्वीकृतिः**</u>(१) मूल्यांकन समितिबाट सिफारिस भएको प्रस्ताव उपर निर्देशक समितिले अध्ययन गरी सात दिन भित्र स्वीकृति प्रदान गर्नुपर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि निर्देशन समिति समक्ष स्वीकृतिका लागि पेश भएका कार्यक्रम यस कार्यविधि बमोजिम भएको नदेखिएमा निर्देशन समितिले उक्त प्रस्ताव मूल्यांकन समिति समक्ष फिर्ता पठाउने वा उपसमिति बनाई पुनरावलोकन गर्न लगाउने सक्नेछ ।

१४. <u>**निर्देशन समितिको गठनः**</u>(१) यस कार्यविधि बमोजिमको प्रस्तावहरु स्वीकृत गर्ने तथा सो सम्बन्धमा आवश्यक निर्देशन एवम् समन्वयका लागि मन्त्रालयमा देहाय बमोजिमको एक निर्देशन समिति गठन हुनेछ।

| | | |
|---|---|---|
| (क) | सचिव, मन्त्रालय | संयोजक |
| (ख) | प्रमुख, योजना महाशाखा | सदस्य |
| (ग) | निर्देशक, कृषि विकास निर्देशनालय | सदस्य |
| (घ) | निर्देशक, पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय | सदस्य |
| (ङ) | प्रमुख, भूमि व्यवस्था तथा भूमिस्रोत नक्शांकन महाशाखा | सदस्य-सचिव |

नोटः आवश्यकतानुसार समितिमा सम्वन्धित विषय विशेषज्ञलाइ आमन्त्रण गर्न सकिनेछ ।

कृषि ... अधिकृत

हरिप्रसाद पण्डित
वरिष्ठ कृषि अर्थविद

मा. विमला के.सी.
मन्त्री

(२) निर्देशन समितिले आर्थिक सहयोगका लागि स्वीकृत गरेका व्यक्ति, समूह तथा संस्थाको आयोजनाको विवरण सार्वजनिक गराउनेछ ।

(३) यस कार्यविधिमा जुनसुकै कुरा लेखिएको भएतापनि निर्देशन समितिले आवश्यक देखेका विषयमा यस कार्यक्रम सञ्चालनका लागि छनौट भएको व्यक्ति, समूह तथा संस्थालाई कुनै शर्त, बन्देज तोकी प्रस्ताव स्वीकृत गर्न सक्नेछ।

(४) निर्देशन समितिको बैठक तथा खाजा खर्च स्वीकृत बजेट तथा कार्यक्रमको बिनियोजित रकमबाट खर्च गरिनेछ।

## परिच्छेद ४

## कार्यक्रम सञ्चालन

१५. **जानकारी दिन पर्नेः** (१) निर्देशन समितिबाट स्वीकृत भएका प्रस्तावको सम्बन्धमा सम्बन्धित पक्षलाई ७ दिन भित्र जानकारी दिनु पर्नेछ साथै जानकारी पाएको मितिले ७ दिन भित्र सम्पर्क राखि सम्झौता गर्नुपर्नेछ ।

(२) कुनै विशेष परिस्थितिका कारणले सम्बन्धित पक्ष सम्झौता गर्न आउन नसक्ने भएमा सम्झौता गर्ने पदाधिकारीलाई मनासिव माफिकको कारण लागेमा सम्झौता गर्न बाधा पर्ने छैन ।

१६. **सम्झौता गर्नुपर्नेः** यस कार्यविधि बमोजिम मन्त्रालयले कार्यक्रम सञ्चालनका लागि सम्झौता गर्दा देहायको शर्तहरु समेत पालना गर्ने गरी तोकिएको समयावधि भित्र तोकिएको ढाँचामा सम्झौता गर्नुपर्नेछः

(क) चार किल्ला भित्रको चक्लाबन्दी स्थलको नापी नक्शा संकलन गरी आधार नक्शा तयार गर्नुपर्नेछ । यस कार्यमा मन्त्रालयबाट आवश्यक प्राविधिक सहयोग गरिनेछ।

(ख) आधार नक्शामा योजनाको रुपरेखा तयार गरी ब्लकको डिजाइन गर्ने, प्रत्येक ब्लकमा सिचाई, निकास, बाटो, बिजुलीको व्यवस्था मिलाउनु पर्नेछ ।

(ग) यन्त्र उपकरणको प्रयोग गरी जग्गालाई सम्म बनाउने (earth work) सम्बन्धी कार्य गर्नु पर्नेछ।

(घ) चक्लाबन्दी गर्नु पूर्व र चक्लाबन्दी गरि सके पछी ब्लक क्षेत्रको गुगलम्याप वा फोटो संलग्न गर्नु पर्नेछ।

(ङ) डिजाईन अनुसारको रेखाकंनको लागि प्रत्येक जग्गाधनीको सिमानामा ब्लक क्षेत्रको लागि सिमानास्तम्भ राखी व्यक्तिको जग्गा पुनः नाप नक्शा गरी सोही अनुसारको कित्ता नाप नक्शा तयार गर्नुपर्नेछ।यो कार्य जग्गा नाप जाँच ऐन २०१९ र जग्गा नाप जाँच नियमावली २०५८ बमोजिम हुनेछ ।

(च) चक्लाबन्दी कार्यक्रम सञ्चालन भएको क्षेत्रको तोकिएको अवधि सम्म कित्ताकाट गर्न पाईने छैन।

(छ) खेतीयोग्य भूमिको जगेर्ना गर्ने र अन्य प्रयोजनको लागि अतिक्रमण हुन नदिने सुनिश्चित गर्नुपर्नेछ ।

कृषि प्रसार अधिकृत

हरिप्रसाद पण्डित
बरिष्ठ कृषि अर्थविद

मा. विमला के.सी.
मन्त्री

(ज) चक्लाबन्दी कार्यक्रम सञ्चालन गरिएको जमीनमा कृषि उत्पादन तथा उत्पादकत्व बृद्धिका साथै एक वर्षभित्र कम्तीमा दुइ बाली लगाउने शर्त मन्जुर गरिएको हुनुपर्नेछ तथा हिमाली क्षेत्रको हकमा भने एक बालि भएमा पनि कार्य सम्पन्न गर्न सकिने छ ।

(झ) चक्लाबन्दी कार्यक्रम सञ्चालन सम्बन्धी अन्य कुराहरु संघीय कानून (जग्गा नाप जाँच ऐन, २०१९ दफा ११ (ग), जग्गा नाप जाँच नियमावली २०५८ को नियम २४ का साथै भूमि सम्बन्धी ऐन, २०२१ को दफा ५१ (ज) र भूमि सम्बन्धी नियमावली २०२१ को नियम ३९ (ढ) र नियम ३९ (द) बमोजिम हुनेछ ।

१७. **भुक्तनी विधिः** (१) चक्लाबन्दी सम्बन्धी सम्झौता बमोजिमको कार्य सम्पन्न भई सके पछि कार्य प्रगतिको आधारमा देहाय बमोजिमको कागजात संलग्न राखी भुक्तानीका लागि सम्वन्धित कार्यालयमा पेश गर्नु पर्नेछ।

(क) मेशीन औजार/यन्त्र उपकरण र मल वीउविजनका हकमा विक्रेता द्वारा जारि बिल बिजक (भ्याट लाग्ने बस्तुको हकमा भ्याट बिल र अन्य कृषि प्रयोजनमा ऐनमा ब्यवस्था भए अनुसार हुनुपर्नेछ )

(ख) Earth Work सम्बन्धी कार्यमा सवारी/मेशिनरी साधन प्रयोग गरिएको भए सोको आधिकारिक वील हुनुपर्नेछ ।

(२) सम्वन्धित कार्यालयमा भुक्तानीका लागि विल भरपाई एवं प्राविधिक प्रतिवेदन सहित प्राप्त भएमा कार्यालयबाट सम्बन्धित क्षेत्रको प्राविधिक खटाई प्राप्त सिफारिसका आधारमा आवेदकको बैंक खातामा रकम भुक्तानी गरिनेछ ।

(३) कार्यक्रम कार्यान्वयनका लागि कूल सहयोग रकमलाइ भुक्तानी दिदा लाभग्राहीको लागत साझेदारी बापतको रकम साझेदारी हुने बिश्वस्त आधारहरु (बैक सुरक्षण/ सामग्री जम्मा भएको प्रमाण आदि ) पेश भएमा प्रथम किस्ता २० प्रतिशत पेश्की दिन सकिनेछ । प्रथम किस्ता फरछ्यौट गरी सो पछिको किस्ता रकम कार्य प्रगतिको आधारमा भुक्तानि दिईनेछ । लाभग्राहीले सार्वजनिक सुनुवाइ गरी सम्पूर्ण प्रगति प्रतिवेदन, कार्य सम्पन्न प्रतिवेदन, वील भरपाइ, परियोजनाको फोटो आदि सम्वन्धित कार्यालयमा पेश गर्नु पर्नेछ ।

(४) छनौट भएका व्यक्तिहरुको समूह, सहकारीसंस्था, कृषिउद्यमी, कृषिव्यवसायी, कृषकसमुह हरु लाइ दिइने सहयोग रकम मध्ये निर्माण कार्य र मेशिनरी आदि पुंजिगत खर्चको **३** प्रतिशत रकम कन्टिन्जेंसी खर्च काटिनेछ । यसरी काटिएको कन्टिन्जेंसी रकम प्राविधिक कर्मचारी व्यवस्थापन सम्वन्धित कार्यालयमा निर्माण कार्यको लागि प्रयोग हुने विशेष सेवा परामर्श कार्य तथा सम्वन्धित चक्लावन्दी कार्यक्रमको अनुगमन सुपरिवेक्षण कार्यमा खर्च गरिनेछ ।

(५) लेखा राख्ने, लेखा परीक्षण गराउने ब्यवस्था सम्बन्धी कार्य सम्वन्धित कार्यालयबाट गरिनेछ।

कृषि प्रसार अधिकृत

हरिप्रसाद पण्डित
वरिष्ठ कृषि अर्थविद

मा. विमला के.सी.
मन्त्री

## परिच्छेद ५

## कार्यक्रम अनुगमन, मूल्यांकन र प्रतिवेदन

१८. **अनुगमन तथा मूल्याङ्कन गर्नेः** चक्लाबन्दी प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिएको क्षेत्रहरुमा संचालित कार्यक्रमको अनुगमन तथा मूल्यांकन मन्त्रालय तथा मातहतका कार्यालयहरुबाट नियमित रुपमा गर्नुपर्नेछ।

१९. **प्रतिवेदन तयार गर्नेः** सम्झौता बमोजिम सञ्चालित कार्यक्रमहरुको चौमासिक र बार्षिक रुपमा अनुमगन मूल्याकंन गरि सो को प्रगति प्रतिवेदन तयार गरि सम्वन्धित कार्यालयमा साथै मन्त्रालयको वेवसाईटमा प्रकाशन गर्नुपर्नेछ ।

२०. **होडिङ बोर्ड राख्नेः** कार्यक्रम संचालन सम्बन्धी विवरण विस्तृत रुपमा झल्किने गरी लाभग्राहिले अनुसुचि १० मा उल्लेख भएबमोजिमको होडिङ बोर्ड राख्नुपर्नेछ।

## परिच्छेद ६

## विविध

२१. **आर्थिक सहयोग रोक्का गर्न सक्नेः** सम्झौता अनुरुप काम नगर्ने लाभग्राहिलाई सम्वन्धित कार्यालयले अनुदान रकम रोक्न सक्नेछ ।

२२. **बाधा अडकाउ फुकाउः** यस कार्यबिधिमा उल्लेख भएका बाहेक अन्य विषयहरु प्रचलित कानुन बमोजिम हुने छ साथै यस कार्यबिधिको कार्यान्वयनमा केही बाधा ब्यवधान आईपरेमा वा बिवाद उत्पन्न भएमा कुनै विषयलाई थप स्पष्ट वा प्रभावकारी बनाउनुपर्ने भएमा अन्तिम निर्णय गर्ने अधिकार मन्त्रालयलाई हुनेछ।

२३. **संशोधनः** यस कार्यविधिलाई मन्त्रालयले आवश्यकतानुसार संशोधन गर्न सक्नेछ।

कृषि प्रसार अधिकृत

हरिप्रसाद पण्डित
बरिष्ठ कृषि अर्थविद

मा. विमला के.सी.
मन्त्री

**अनुसूचि - १**
**(दफा ८ सँग सम्बन्धित)**

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कर्णाली प्रदेश, सुर्खेत, नेपाल

**प्रस्ताव आव्हानको सूचना**

प्रकाशित मिति २०७६÷ /

यस मन्त्रालयको चालु आर्थिक वर्षको स्वीकृत बार्षिक कार्यक्रम अनुसार जग्गाको विभिन्न कित्ताहरु एकीकरणबाट जग्गाको चक्लाबन्दी गरी कृषि उत्पादन कार्य सञ्चालन गर्नका लागि ईच्छुक व्यक्तिहरुको समूह, सहकारी संस्था, कृषि उद्यमी, कृषि व्यवसायी, कृषक समुहहरुबाट यो सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र कार्यालय समयमा प्रस्ताव दर्ता गर्नुहुन अनुरोध गरिन्छ । साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेस हुन नसक्ने व्यहोरा समेत जानकारी गराइन्छ । प्रस्तावपत्र र संक्षिप्त व्यावसायिक कार्ययोजनाको ढांचा तथा कार्यक्रम कार्यान्वयन कार्यविधिहरु यस मन्त्रालयको वेब साईट molmac.karnali.gov.np वाट डाउनलोड गर्न सकिनेछ । अन्य थप जानकारीका लागी मन्त्रालयको टोल फ्रि फोन नं. मा सम्पर्क गर्नुहुन अनुरोध छ ।

कृषि प्रसार अधिकृत

हरिप्रसाद पण्डित
बरिष्ठ कृषि अर्थविद

मा. विमला के.सी.
मन्त्री

## अनुसूची – २

**(दफा ९ सँग सम्बन्धित)**

**दरखास्तको ढाँचा**

मिति : २० /      /

श्रीमान् सचिवज्यू

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

कर्णाली प्रदेश, सुर्खेत ।

**विषय: चक्लाबन्दी कार्यक्रम सञ्चालनक लागि प्रस्ताव पेस गरिएको सम्बन्धमा।**

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयबाट मिति ................मा ................पत्रिकामा प्रकाशित सूचना अनुसार यस समूह/सङ्घ/संस्थाले प्रदेश सरकारको सहयोगमा चक्लाबन्दी कार्यक्रम सञ्चालनका लागि सूचनामा तोकिए बमोजिमका कागजात संलग्न राखी अनुसूची –३ बमोजिमको विवरण खुलाइ यो दरखास्त पेस गरिएकोछ ।

"चक्लाबन्दी खेती प्रोत्साहन कार्यक्रम कार्यान्वयन कार्यविधि २०७६" र अन्य प्रचलित कानून बमोजिका सर्त/बन्देजहरू पालना गर्न यो समूह/सघ/संस्था मन्जुर छौ ।

भवदीय,

...............

अध्यक्ष/निबेदक

नाम, थर

सघ /संस्थाको नाम, ठेगाना

सघ /संस्थाको छाप

सम्पर्क नं.

कृषि प्रसार अधिकृत

हरिप्रसाद पण्डित
बरिष्ठ कृषि अर्थविद

मा. विमला के.सी.
मन्त्री

## अनुसूची -३

(दफा ९ सँग सम्बन्धित)

**निवेदनसाथ पेश गर्नुपर्ने कागजात**

१. रु १० को हुलाक टिकट टांस गरेको अनुसूचि २ वमोजिमको निवेदन ।

२. माग निवेदन साथ फर्म वा संस्था हकमा प्रचलित कानून बमोजिम दर्ता नविरकण भएको प्रमाणपत्र, स्थायी लेखा नम्बर, कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी एक एक प्रति।

३. संस्थाको हकमा कार्यसमितिको वैठकले चक्लाबन्दी कार्यक्रम सञ्चालनका लागि माग गरेको निर्णयको प्रमाणित प्रतिलपी ।

४. चक्लाबन्दी कार्यक्रम सञ्चालन गर्ने विभिन्न व्यक्तिहरुको समूहको हकमा कम्तीमा ५ बर्षको कार्यक्रम सञ्चालनको ५ बर्षको प्रतिबद्धतापत्र, सयुक्त रुपमा कार्य गर्ने लिखित निर्णय र आवेदकहरुको नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी ।

५. कार्यक्रम सञ्चालनका लागि दफा ५ बमोजिमको जग्गाको क्षेत्रफल सहितको जग्गाधनी प्रमाणपत्रको प्रतिलीपी ।

६. जग्गाधनि लालपुर्जा नभएको अवस्थामा सम्वन्धित ब्यक्तिले भोगचलन गर्दै आएको स्थानिय निकायबाट प्रमाणित आधिकारिक प्रमाणपत्रको प्रतिलिपि ।

७. भौतिक निर्माण कार्यको लागत अनुमान तथा डिजाइन

८. सम्बन्धित कार्यालयले तोकेको ढांचामा तयार गरिएको अनुसुचि 3/4 अनुसारको प्राविधिक र आर्थिक प्रस्ताव तथा संक्षिप्त व्यावसायिक कार्ययोजना समेत ।

९. चक्लाबन्दी कार्यक्रम सञ्चालन गर्ने जग्गाको किता खुलेको नक्शा र जग्गाको फोटो वा गुगल म्याप ।

कृषि प्रसार अधिकृत

हरिप्रसाद पण्डित
बरिष्ठ कृषि अर्थविज्ञ

मा. विमला के.सी.
मन्त्री

अनुसूची - ४
(दफा ९ सँग सम्बन्धित)

**आयोजनाको विवरण**

१. समूह/सङ्घ/संस्थाको नाम :
ठेगाना :
जिल्ला :
न.पा./गा.पा. :
वडा नं.
गाउँ/टोल :
२. दर्ता नं. र मिति :
३. कार्यक्रम नाम :
४. कार्यक्रमस्थल :
जिल्ला :
न.पा./गा.पा. :
वडा नं.
गाउँ/टोल :
५. कार्यक्रम प्रारम्भ हुने मिति :
६. कार्यक्रम सम्पन्न हुने मिति :
7. कार्यक्रम स्थलको कुल क्षेत्रफल
7.1 कित्ता संख्या..........
7.१ जग्गाधनीको संख्या..........
८. प्रस्तावित कार्यक्रमको कुल लागत : रु...................
८.१ आधार नक्शा तयारी बापत रु .............
८.२ ब्लकको डिजाइन. बापत रु.............
८.३ ब्लकमा पानी, बाटो, बिजुलीको व्यवस्थापन वापत रु .............
८.४ जग्गालाई सम्म बनाउन (earth work) सम्बन्धी कार्य बापत रु ..........
८.५ घेराबार तथा अन्य निर्माण कार्यहरु रु .......
८.६. कृषि व्यबसाय गर्ने योजनाको लागत रु.......( कृषि व्यबसायको बिस्तृत योजना पनि तयार गरि पेश गर्नुपर्नेछ )

कृषि प्रसार अधिकृत

हरिप्रसाद पण्डित
बरिष्ठ कृषि अर्थविद

मा. विमला के.सी.
मन्त्री

## अनुसूची – ५

**(दफा १० र ११ सँग सम्बन्धित)**

**छनौटका आधार**

१. कम्तीमा दुई भन्दा बढी व्यक्तिहरु, समुह वा संस्था हुनु पर्ने ।

२. दुई वा दुई भन्दा बढी कित्ता भएको जमिन हुनुपर्ने ।

३. हिमालमा न्यूनतम २० रोपनी, पहाडमा न्यूनतम ५० रोपनी भन्दा बढी जमिन हुनुपर्ने ।

४. खेती योग्य भूमिमा प्लानिङ्ग, आवास तथा उद्योगका लागि प्लटिङ्ग गर्न नदिने गरी चक्लाबन्दी गरिएको जग्गाको एक वर्षमा कम्तीमा दुइ बाली खेती गर्ने कम्तीमा ५ बर्षको प्रतिबद्धतापत्र हुनुपर्ने ।

५. स्थानीय तहको सिफारिस भएको आवेदनलाइ प्राथमिकता दिइनेछ ।

६. अनुसूचि २ बमोजिमका शर्तहरु पुरा भएको हुनु पर्ने।

कृषि प्रसार अधिकृत

हरिप्रसाद पण्डित
बरिष्ठ कृषि अर्थविद

मा. विमला के.सी.
मन्त्री

## अनुसूची – ६

**(दफा १५ सँग सम्बन्धित)**

**चक्लाबन्दी कार्यक्रम सञ्चालनको सम्झौता पत्रको नमूना**

प्रदेश सरकार, भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयको आर्थिक वर्ष ................. को स्विकृत कार्यक्रम अनुसार चक्लाबन्दी कार्यक्रम सञ्चालन गर्न प्रदेश सरकार, भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय (यस पछि प्रथम पक्ष भनिने) र श्री ........................................... (यस पछि दोस्रो पक्ष भनिने) बिच तपशील बमोजिमका शर्तहरु पालना गर्ने गरी द्धिपक्षीय सम्झौता गरिदियौं/लियौ ।

**तपशील**

१. यो सम्झौता भएको मितिबाट लागू हुनेछ प्रथम पक्षले कार्यक्रमको लागि स्वीकृत गरेको रकमबाट ३ प्रतिशत रकम कन्टिन्जेन्सी र अन्य प्रचलित कानून अनुसार कट्टी गर्नुपर्ने रकम कट्टी गरी कार्य सम्पन्न प्रतिवेदनको आधारमा रु .........................(अक्षरुपी .........................) भुक्तानी गरिनेछ ।

२. दोस्रो पक्षले चार किल्ला भित्रको चक्लाबन्दी स्थलको नापी नक्शा संकलन गरी आधार नक्शा तयार गर्नुपर्नेछ । यस कार्यमा प्रथम पक्षबाट आवश्यक प्राविधिक सहयोग उपलब्ध गराईनेछ ।

३. दोस्रो पक्षले आधार नक्शामा योजनाको रुपरेखा तयार गरी ब्लकको डिजाइन गर्ने, प्रत्येक ब्लकमा पानी, बाटो, बिजुलीको व्यवस्था मिलाउने, यन्त्र उपकरणको प्रयोग गरी जग्गालाई समथल बनाउने (earth work) सम्बन्धी कार्य गर्नु पर्नेछ ।

४. दोस्रो पक्षले काम सम्पन्न गरी भएको कामको नियमानुसारको वील सहित कार्य सम्पन्न भएको स्थलगत प्राविधिक प्रतिवेदन पश्चात दोस्रो पक्षको बैंक खातामा अधिकतम भुक्तानी/सोधभर्ना गरिनेछ ।

५. दोस्रो पक्षले चक्लाबन्दी गर्नु पूर्व र चक्लाबन्दी गरिसकेपछि ब्लक क्षेत्रको गुगल म्याप वा फोटो खिची संलग्न गर्नु पर्नेछ ।

६. दोस्रो पक्षले चक्लाबन्दी कार्यक्रम सञ्चालन भएको क्षेत्रको तोकिएको अवधि सम्म जग्गा कित्ताकाट गर्न पाईने छैन।

७. दोस्रो पक्षले डिजाईन अनुसारको रेखाकंनको लागि प्रत्येक जग्गाधनीको सिमानामा ब्लक क्षेत्रको लागि सिमानास्तम्भ राखी व्यक्तिको जग्गा पुनः नाप नक्शा गरी सोही अनुसारको कित्ता नक्शा तयार गर्नुपर्नेछ।यो कार्य जग्गा नाप जाँच ऐन २०१९ र जग्गा नाप जाँच नियमावली २०५८ बमोजिम हुनेछ ।

कृषि प्रसार अधिकृत

हरिप्रसाद पण्डित
बरिष्ठ कृषि अर्थविद

मा. विमला के.सी.
मन्त्री

८. दोस्रो पक्षले खेतीयोग्य भूमिको जगेर्ना गर्ने र अन्य प्रयोजनको लागि अतिक्रमण हुन नदिने सुनिश्चित गर्नुपर्नेछ ।

९. चक्लाबन्दी कार्यक्रम सञ्चालन गरिएको जमीनमा दोस्रो पक्षले एक वर्षमा कम्तीमा दुइ बाली खेती गरेको हुनुपर्नेछ ।( उच्च हिमाली क्षेत्रकोहकमा एक वाली )

१०. दोस्रो पक्षले सम्झौता भएको मितिले १५ दिन भित्र चक्लाबन्दी सम्बन्धी कार्य शुरु गरिसक्नुपर्नेछ । यस अवधिमा कार्य प्रारम्भ नभएमा सम्झौता रद्द गरिनेछ । कार्य प्रारम्भ भएको मितिले ........ महिना भित्र कार्य सम्पन्न गरिसक्नुपर्नेछ ।

११. यस सम्झौतामा उल्लेख भएका नियमहरु यसै बमोजिम र यसमा उल्लेख नभएका नियमहरु प्रचलित नियम कानुन बमोजिम लागू हुनेछ।

१२. प्रथम पक्षले वा प्रथम पक्षले तोकेको निकायले कुनै पनि बखत संचालित कार्यको अनुगमन/निरीक्षण गरी सम्झौता मुताविक कार्य भएको/नभएको हेर्न र आवश्यक सल्लाह सुझाव दिन सक्नेछ । उक्त सुझाव दोस्रो पक्षले पालना गर्नु पर्नेछ। प्रथम पक्षले दिएका सुझाव दोस्रो पक्षले पालना नगरेमा प्रथम पक्षले एक पटकका लागि सचेत गराउने र त्यसो गर्दा पनि सुधार नदेखिएमा एक पक्षीय रुपमा संम्झौता भंग गरिनेछ ।

१३. दोस्रो पक्षले कार्यक्रम संचालन स्थलमा अनिवार्य रुपले कार्यक्रमको नाम, ठेगाना तथा अनुदान रकम उल्लेख गरी सवैले देख्ने गरी अनुसुचि-१० बमोजिम बोर्ड राख्नु पर्नेछ ।

१४. दोस्रो पक्षले नियमित रुपमा (कम्तिमा चौमासिक अवधिकमा) कार्यक्रमको प्रगती विवरण प्रथम पक्षलाई उपलब्ध गराउनुपर्नेछ ।

१५. चक्लाबन्दी कार्यक्रम सञ्चालन सम्बन्धी अन्य कुराहरु संघीय कानून (जग्गा नाप जाँच ऐन २०१९ को दफा ११ (ग), जग्गा नाप जाँच नियमावली २०५८ को नियम २४ को साथै भूमि सम्बन्धी ऐन, २०२१ को दफा ५१ (ज) र भूमि सम्बन्धी नियमावली २०२१ को नियम ३९ (ढ) र नियम ३९ (द) र प्रचलित कानून बमोजिम हुनेछ ।

| **प्रथम पक्षको तर्फबाट** | **द्रोस्रो पक्षको तर्फबाट** |
|---|---|
| नाम थर , | नाम: थर, |
| पद : | पद : |
| संस्थाको नाम र छाप : | संस्थाको नाम र छाप : |
| मिति : | मिति |

कृषि प्रसार अधिकृत

हरिप्रसाद पण्डित
बरिष्ठ कृषि अर्थविद

मा. विमला के.सी.
मन्त्री

## अनुसूची – ७

### जग्गा चक्लाबन्दी ग्फिल्ड भेरीफीकेसन फाराम

| योजनाको बिवरणः | | | |
|---|---|---|---|
| चक्लाबन्दी गरिने स्थान | | ठेगाना | |
| चक्लाबन्दीमा गरिने कृषि योजना | | | |
| अनुमानित लागत | | चक्लाबन्दी गरिने स्थान सख्या | |
| योजना सम्पर्क व्यक्ति नामनम्बर/ठेगाना/ | | | |
| कुल चक्लाबन्दीमा संलग्न कित्ता सख्या र क्षेत्रफल | | | |
| चक्लाबन्दीबाट लाभान्वित कृषकसख्या उपभोक्ता/ | | | |
| दलित घरधुरी सख्या | | महिला घरधुरी सख्या | |

| योजनाको सामाजिकबिवरण आर्थिक/वातावरण/ | |
|---|---|
| योजनाले वातावरणमा नकारात्क प्रभाव पार्छ कि पार्दैन? | |
| यदि नकारात्मक प्रभाव हुने भएमा त्यसको व्यबस्थापन कसरी हुन्छ? | |
| योजना निर्माण पूर्व कुनै सामाजिक बिवाद भएको वा नभएको? | |
| दक्ष जनशक्तिको उपलब्धता कस्तो छ? | |
| निर्माण कार्य थालनी गर्दा मेसनरी ? नहुने वा हुने प्रयोग (इस्काभेटर ,डोजर ) | |
| चक्लाबन्दी पश्चात कुन कृषिजन्य बस्तुहरु बजारमा आउने सम्भावना हुन सक्छ? | |
| योजना निर्माण प्रक्रियामा अनुमानित कति जनाले श्रम रोजगार पाउन सक्छन्? | |

| समग्रमा फिल्ड भेरीफिकेसन टोलीबाट योजना निर्माण कार्य बढाउन ठिक छ वा छैन ? | | | | |
|---|---|---|---|---|
| फिल्ड भेरीफिकेसन अध्ययनको मितिः | | | | |
| सहभागी पदाधिकारीहरु | नाम | ठेगाना | सम्पर्क नम्बर | हस्ताक्षर |
| (का .बि कृषि) | | | | |
| (कार्यालय नापी) | | | | |
| )सम्बन्धित स्थानकास्थानिय जनप्रतिनिधि( | | | | |
| पशु अस्पताल.. | | | | |

अन्य प्राबिधिक टिप्पणीः

कृषि प्रसार अधिकृत

हरिप्रसाद पण्डित
बरिष्ठ कृषि अर्थविद

मा. विमला के.सी.
मन्त्री

## अनुसुचि-८

### सहमति पत्रको नमुना

लिखितम हामी व्यक्ति/फर्म/समूह/संस्था ...... को आगे भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, कर्णाली प्रदेश बाट मिति ........... मा .......... प्रकासित सुचना.......अनुसार हामी व्यक्ति/फर्म/समूह/संस्था .... ले प्रदेश सरकारको सहयोगमा चक्लाबन्दी कार्यक्रम संचालनका लागी भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, कर्णाली प्रदेश बाट जारी भएको "चक्लाबन्दी खेति प्रोत्साहन कार्यक्रम कार्यविधि २०७६" को अधिनमा रही प्रचलित कानून नियम बमोजिम चक्लाबन्दी कार्यक्रमको लागी हामी एकआपसमा तपशिल बमोजिमका सर्त सहमतिमा कार्य गर्न मन्जुर छौ भनि यो सहमती पत्र लेखी लेखाई हामीहरुको मनोमानी राजिखुसिका साथ हस्ते सहीछाप दस्तखत गरेको ठिक साँचो हो, झुट्टा ठहरे कानून बमोजिम साँउला बुझाँउला भनी तपशिलको साँक्षि रोहबहरमा यो सहमति पत्र तयार गरि लियौ दियौ ।

**तपशिल**

**सर्त/सहमतीहरु**

| सि.न. | सर्त गर्ने व्यक्ति/फर्म/समूह/संस्था ...... | सर्त | सहमती गर्ने व्यक्ति/फर्म/समूह/संस्था ...... | सहमती | सर्त/सहमती गर्ने व्यक्ति/फर्म/समूह/संस्था ...... नाम थर ना.प्र.नं. | दस्तखत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |

**साँक्षिहरु**

१.

२.

**रोहबहरमा**

१.

२

**ईति सम्बत २०..................साल............महिना.........गते.......... रोज शुभम्**

कृषि प्रसार अधिकृत

हरिप्रसाद पण्डित
वरिष्ठ कृषि अर्थविद

मा. विमला के.सी.
मन्त्री

## अनुसूची – ९

### क्षेत्रफल रुपान्तरण तालिका

| सि.नं | जग्गा ईकाई | क्षेत्रफल (व.मी) |
|---|---|---|
| १. | १ विगाह =२० कठ्ठा | ६७७२.६३ |
| २. | १ कठ्ठा = २० धुर | ३३८.६३ |
| ३. | १ धुर | १६.९३ |
| ४. | १ रोपनि =१६ आना | ५०८.७४ |
| ५. | १ आना =४ पैसा | ३१.८० |
| ६. | १ पैसा =४ दाम | ७.९४ |
| ७. | १ दाम | १.९८ |

## अनुसूची –१०

### होडिगं बोर्डको नमुना

१.५ मीटर

०.७५ मिटर

प्रदेश सरकार

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, कर्णाली प्रदेश, सुर्खेत

को सहयोगमा संचालित

चक्लाबन्दी सम्बन्धि कार्यक्रम (आ.व. ............)

कार्यक्रमको नामः ...........................

कार्यक्रमको लागतः १ कुल लागत रु .........................

२ मन्त्रालय/कार्यालय बाट सहयोग रु ...............

३ लाभग्राही बाट लगानी रु .................

कार्यक्रमको ठेगानाः......................

कार्यक्रम शुरु मितिः ....................

कार्यक्रम सम्पन्न हुने मितिः................

कृषि प्रसार अधिकृत

हरिप्रसाद पण्डित
बरिष्ठ कृषि अर्थविद

मा. विमला के.सी.
मन्त्री